# कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल ।

## सिलवन्दी बोलपत्र आह्वानको सूचनाः

प्रथम पटक प्रकाशित मितिः २०७६/०३/३०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आ.व. २०७६/०७७ को लागि यस कुश्मा नगरपालिका क्षेत्राधिकार भित्र पर्ने "ढुङ्गा, गिट्टी, बालुवा, रोडा, स्लेट, ग्रेभल, माटो, दहत्तर बहत्तर आदिको उत्खनन् वा संकलन शुल्क " उठाउन स्थानिय राजश्व परामर्श समितिको सिफारिस तथा नगरकार्यपालिकाको निर्णय बमोजिम तोकिएको दर रेट अनुसार ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न ठेक्कामा निम्न शर्तको अधिनमा रहि रित पुर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. यो सुचना प्रकाशित मितिले ३० औं दिनसम्म वोलपत्र फारम यस कार्यालयमा अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित प्रतिलिपी वा व्यवसाय कर तिरको रसिदको प्रमाणीत प्रतिलिपी, स्थायी लेखा नम्वर (PAN) को प्रमाणीत प्रतिलिपी, अद्यावधिक नविकरण गरेको फर्मको प्रमाणीत प्रतिलीपी र आ. ब. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणीत प्रतिलीपी सहित यस कार्यालयमा नगदै जम्मा गरि प्राप्त गरेको नगदी रसिद वा वोलपत्र खरिद वापत यस कार्यालयको नाममा रहेको ने.वै.लि. कुश्मा शाखाको खाता नं. ग ४–१–०६६०३००००००००४००१०६३(स्थानिय संचित कोष खाता) मा जम्मा गरेको सक्कलै भौचर र निवेदन साथ पेश गरेपछि नियमानुसार वोलपत्र फारम (रकम फिर्ता नहुने गरी) यस कार्यालयबाट उपलब्ध गराइनेछ ।

२.खरिद गरिएका वोलपत्र उल्लेख भएका सवै विवरण प्रष्टसंग लेखि सुचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ ।

३.अधिकार प्राप्त प्रतिनिधि मार्फत् बोलपत्र प्रक्रियामा सहभागि हुनु परेमा अनिवार्य रुपमा अख्तियारी पत्र (Power of Attorney) पेश गर्नु पर्नेछ ।

४. वोलपत्र फारम साथ धरौटी रकम आफूले कवोल गरेको अंकको (मु.अ.कर समेत) ५ प्रतिशतले हुन आउने जमानत वापतको रकम यस कार्यालयको नेपाल वैक लि. कुश्मा शाखाको खाता नंम्वर ग ३–०६६०३०००००००००३००००३ (धरौटी खाता)मा जम्मा गरको भौचर वा सो रकम वरावरको यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड वोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तीमा पनि १२० दिनको अवधि भएको समावेश गर्नुपर्नेछ ।

५. वोलपत्र शर्त रहित केरमेट नभएको कार्यालयले उपलब्ध गराइएको वोलपत्र फारममा कुनै थपघट वा द्रष्टब्य नलेखेको हुनुपर्नेछ । समयभित्र प्राप्त नभएको रित नपुगेका, सुचनाको शर्त विपरित भएको वोलपत्रमाथि कारवाही हुने छैन

६. वोलपत्र खरिद वा दर्ता गर्ने फर्मले कामको सम्वन्धमा राम्ररी वुझि भरेको मानिनेछ ।

७. वोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८. वोलपत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

९. सयुक्त उपक्रम (जे.भी.) मा काम गर्ने निमार्ण व्यवसायीले सयुक्त लगानी सम्वन्धी सम्झौताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ । संयुक्त उपक्रममा साझेदारको संख्या ३ (तिन) भन्दा वढी भएमा स्वीकृत गरिनेछैन ।

१०. वोलपत्रदाताले आफुले पेश गरेको कवोल अंक मूल्य अभिवृद्दि कर सहितको वा वाहेक उल्लेख गर्नुपर्नेछ। यदि उल्लेख नगरेमा मूल्यअभिवृद्दि कर वाहेकको मानिनेछ ।

हरि पगेनी
प्रमुख प्रशासकिय अधिकृत

# कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कुश्मा, पर्वत
## गण्डकी प्रदेश, नेपाल ।

११. बोलपत्र दाताले सम्झौताको बखत एकमुष्ठ नगदैं रकम दाखिला गरेमा ५ प्रतिशत छुटको व्यवस्था गरिनेछ ।

१२. यस सुचनामा उल्लेखित कुराहरु वाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

१३. वोलपत्र सम्वन्धि अन्य कुराहरु वुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । (सम्पर्क नम्वर ०६७–४२०१४१)

१४. कामको विवरण निम्नानुसार छ ।

| सि.नं. | बोलपत्र नं. | बोलपत्र (ठेक्का) को नाम | न्यूनतम कवोल अंक(भ्याट बाहेक) | फर्म दस्तुर |
|---|---|---|---|---|
| १ | ७/२०७६/०७७ | कुश्मा नगरपालिका क्षेत्र भित्रको कालीगण्डकी नदिको वगर क्षेत्र ।(ढुङ्गा, गिट्टी, बालुवा, रोडा, स्लेट, ग्रेभल, माटो, दहत्तर बहत्तर आदिको उत्खनन् वा संकलन) | ७३,६०,०००।-(त्रिहत्तर लाख साठी हजार रुपैया) | रु ३,०००।- |

प्रमुख प्रशासकीय अधिकृत

हरि पंगेनी

प्रमुख प्रशासकिय अधिकृत